लिखु गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भलादमीडाँडा, नुवाकोट

बागमती प्रदेश,नेपाल

प.सः - महिला ०८२/०८३

च.नः

सूचना! सूचना!! सूचना!!!

विषयः- समुदायमा आधारित पुनर्थापना कार्यक्रम(CBR)प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना।

प्रकाशित मितिः- २०८३/०८/०९

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश र यस गाउँपालिकाबाट आ.व. ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुल प्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम र स्वाभलम्बन बनाउने उद्देश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीयतहबाट सञ्चालन हुने अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम(CBR) यस गाउँपालिका भित्र अपाङ्गता सम्बन्धी काम गर्ने संघ/सस्थाहरुको साझेदारीमा सञ्चालन गर्न ईच्छुक संस्थाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ८ बमोजिम प्रस्ताव आह्वनको लागि १५ दिने सूचना जारी गर्न मिति २०८३।०८।०८ गतेको कार्य समितिको निर्णय अनुसार योग्यता पुगेका संघ/संस्थाहरुले तपसीलको रित र शर्त पुरा गरी प्रस्ताव पेश गर्न यो सूचना जारी गरिएको छ। सामाजिक विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन बमोजिम संस्था छनोट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्य सञ्चालन समितिलाई हुनेछ।

तपसीलः

(१) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः

(क) अपाङ्गता सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजातहरु।

(ख) संस्था दर्ता,नविकरण,विधान,प्रशासनीक तथा आर्थिक नियमावलीको छाँयाप्रति।

(ग) समाजकल्या परिषमा आवद्व र नियमित नविकरण भएको हुनुपर्ने।

(घ) गत वर्षको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन।

(ङ) संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्शाउने कागज-पत्र।

(च) कार्यक्रम सञ्चालन गर्ने संस्थाको कर्मचारी कुनै पनि प्रकारको फौज्दारी कसुरको आरोप नलागेको हुनुपर्ने छ

(२) प्राथमिकता

(क) संस्था यस गाउँपालिका भित्र दर्ता गरी सुचिकृत भएमा

(ख) नुवाकोट जिल्ला भित्र कार्यरत संस्था हुनुपर्नेछ,

(३) प्रस्तावमा कुनै पनि प्रशानीक खर्च उल्लेख गर्न पाईनेछैन,

(४) प्रस्तावमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवाहरु(शिक्षा, स्वास्थ्य, तालिम,सीप, नेतृत्व विकास, लघु कर्जा र सहायक सामाग्री आदी) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुल प्रवाहमा ल्याई सक्षम तथा स्वावलम्बि बनाउनको लागि

(क) तथ्यांक संकलन गर्ने,

(ख) जीविकोपार्जन, सीप विकास र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

(ग) सहायक सामाग्री वितरण गर्ने,

(घ) सीप विकास तालिम गर्ने

(५) प्रस्ताव दर्ताको लागि कुनै शुल्क लाग्ने छैन।

(६) अन्य कुराको हकमा CBR कार्यक्रम सञ्चालन कार्यविधि,२०८० बमोजिम हुनेछ।

२०८३/०८/०८

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत